अविलम्व प्रेषणका लागि

# विश्व बैंक

## विश्व बैंकको शान्ति र विकास प्रयासको सुदृढीकरणमा सहयोग

वाशिंगटन, २०६५ बैशाख २४ । विश्व बैंकको ५ करोड अमेरिकी डलरको अनुदान सहयोगबाट एक दशकको द्वन्द्वद्वारा प्रभावित नेपाली जनता लाभान्वित हुने भएका छन् । उक्त अनुदान सहयोगले २०६३ को मंसिरमा सम्पन्न बृहत् शान्ति सम्झौताको सुदृढीकरणका लागि नेपालको प्रयासमा टेवा पुऱ्याउनेछ ।

विश्व बैंकले आज स्वीकृत गरेको **आपतकालीन शान्ति सहयोग परियोजना**अन्तर्गत प्रदान गरिएको यो अनुदानबाट बृहत् शान्ति सम्झौता तथा २३ बुँदे सम्झौता अन्तर्गत गरिएका प्रतिबद्धताहरु पूरा गर्न सरकारलाई सहयोग गर्नेछ ।

नेपालको शान्ति प्रक्रिया अनुसार सात दलको सरकारले द्वन्द्वमा मारिएकाहरुका परिवारलाई एक लाख रुपैयाँको दरले क्षतिपूर्ति गर्ने तथा शिवीरमा रहेका माओवादीलाई मासिक तिन हजार रुपैयाँको दरले भुक्तानि गर्ने निर्णय गरेको छ । यद्यपि विगत दस महिना यता शिवीरमा रहेका माओवादीलाई रकम भुक्तानि

हुनसकेको छैन् । परियोजना अन्तर्गत पुनर्स्थापनाका प्रयत्नहरुमा पनि सरकारलाई थप सहयोग पुग्ने छ ।

विगत दुई वर्षमा शान्तिका संवेदनशील प्रयासहरुलाई स्थायीत्व प्रदान गर्ने क्रममा २०६३ को मंसिरमा सात दलीय गठबन्धनको स्थापना र हालै सम्पन्न संविधानसभा निर्वाचनसहितको नयाँ नेपाल निर्माणका दिशामा महत्वपूर्ण पाइलाहरु चालिएका छन् । 'यो परियोजनाले दिगो शान्तिको सुनिश्चितताका लागि राजनीतिक तहमा उच्चतम प्रतिबद्धता रहेकाले त्यो कार्यसूचिमा बल पुऱ्याउंछ', **नेपालस्थित विश्व बैंकका निर्देशक सुशान गोल्डमार्क** भन्नुहुन्छ । उहांले 'ऐतिहासिक मोडमा उभिएको नेपालका लागि शान्ति प्रकृयाको सुदृढीकरण र विकास तथा आधारभूत सेवा जनतामाझ पुऱ्याउने कार्यमा सुनिश्चित बढोत्तरी ल्याउन सबल कदमहरु चाल्नु अपरिहार्य' भएको बताउनुभएको छ ।

विश्व बैंकले आजै **नेपालको स्वास्थ्य क्षेत्र विकास कार्यक्रम**का लागि ५ करोड अमेरिकी डलर र **दोस्रो ग्रामीण खानेपानी आपूर्ति तथा सरसफाई परियोजना**का लागि २ करोड ७० लाख अमेरिकी डलरको थप सहयोग प्रदान गर्न स्वीकृति जनाएको छ । बैंकको स्वास्थ्य क्षेत्र विकास कार्यक्रमअन्तर्गतको यो सहयोग खासगरी वञ्चित समुदायहरुको अत्यावश्यक स्वास्थ्य सेवामा पहुंच तथा त्यसको उपयोगिता अभिवृद्धि गर्नका लागि लक्षित रहेको छ ।  यस अतिरिक्त यो अनुदान सहयोगले केही उपभोक्ता शुल्कहरुको खारेजी गर्न र विपन्न तथा सुविधाविहीन महिला एवं बालबालिकालाई लाभान्वित गर्ने सुरक्षित प्रसुति उत्प्रेरणा कार्यक्रमको प्रवर्द्धन गर्ने दुई नयां प्रयासहरुमा टेवा पुऱ्याउनेछ । यसबाट गैरसरकारी अस्पतालहरुमा प्रसुति हुने महिलाहरुलाई सेवा उपलब्ध गराउने स्वास्थ्यसेवा प्रदायकहरुलाई प्रोत्साहन मिल्नजानेछ । यो कार्यक्रमअन्तर्गत देशभरीका सबै मेडिकल कलेज र गैरसरकारी

अस्पतालहरुसंग सम्झौता गरी महिलाहरुको आङ्गखस्ने रोगको निशुल्क शल्यक्रिया गराइनेछ, जसबाट नेपालका ग्रामीण विपन्न महिलाहरु लाभान्वित हुनेछन् । यसअघि २०६२ भदौ २४ मा स्वास्थ्य क्षेत्रका लागि स्वीकृत गरिएको कार्यक्रमबाट अत्यावश्यक स्वास्थ्य सेवामा ब्यापक पहुंच विस्तार गरेको थियो । उदाहरणका लागि, समुदायमा आधारित बालरोगको एकीकृत व्यवस्थापनको कार्य ६ जिल्लाबाट ५५ जिल्लामा विस्तार भएको छ भने एक वर्षभित्रै सबै ७५ जिल्लामा उक्त सेवा पुऱ्याउने लक्ष्य राखिएको छ ।

ग्रामीण खानेपानी आपूर्ति तथा सरसफाई परियोजनाका लागि प्रदान गरिएको सहयोगबाट अत्यन्त दूर्गम ग्रामीण क्षेत्रहरूमा सेवाको विस्तार हुनेछ । यस परियोजनाले ग्रामीण खानेपानी तथा सरसफाई क्षेत्रको संस्थागत कार्यप्रगतिमा सुधारका साथै खानेपानी तथा सरसफाई पूर्वाधारहरुको योजना तर्जूमा, कार्यान्वयन र सञ्चालन गर्नसक्ने क्षमताका समावेशी खानेपानी तथा सरसफाई उपभोक्ता समुहहरु स्थानीय तहमा गठन गर्न समुदायहरुलाई सहयोग गर्ने लक्ष्य लिएको छ । यस्ता पूर्वाधारहरुले स्वास्थ्य, सरसफाई र ग्रामीण घरपरिवारलाई उत्पादकत्व लाभ पुऱ्याउने छन् । यो नयां अनुदानबाट ६ सय समुदायका थप ४ लाख जनताले खानेपानी आपूर्ति तथा सरसफाईको सुविधा प्राप्त गर्ने छन् । यसैगरी यस सहयोगबाट निर्माणको चरण अघि सामाजिक पूंजीको प्रवर्द्धनसंग सम्बद्ध गतिविधिहरुलगायतका ४५० योजनाहरुको विकास गर्ने लक्ष्य राखिएको छ । यसैबीच सामाजिक जवाफदेहीता र सामुदायिक अंक तालिका प्रणालीलाई संस्थागत गरिनेछ । यस्तै ग्रामीण खानेपानी आपूर्ति तथा सरसफाई क्षेत्रको अनुगमन तथा मुल्यांकन प्रणाली सुरु गरी विस्तारित परियोजना अवधि समाप्त हुनुअघि नै सरकारी प्रणालीअन्तर्गत सञ्चालन भइसक्नेछ भने ग्रामीण खानेपानी आपूर्ति तथा सरसफाई कोष विकास समितिलाई संस्थागत गर्न विधेयक लागु गरिने अपेक्षा गरिएको छ ।

यी अनुदान सहयोगहरु विश्व बैंकको सहुलियतपुर्ण वित्तीय सहायता प्रदायक अंगको रुपमा रहेको अन्तर्राष्ट्रिय विकास संस्थाबाट प्राप्त भएको हो ।

नेपालमा बैंकका कार्यहरूबारे थप जानकारीका लागि कृपया http://www.worldbank.org.np मा हेर्नोस् ।